नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

visit Nepal 2020 Lifetime Experiences

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. :

## यस कार्यालयबाट आ.व. २०७६/०७७ मा हुने खरिद कार्यमा सहभागी हुन सूचीकृत हुने सूचना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐन बमोजिम हुने खरिद कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालयबाट आ.व. २०७५/७६ मा तयार भएको मौजुदा सूची अद्यावधिक गर्ने तथा आ.व. २०७५/७६ मा मौजुदा सूचीमा दर्ता नभएकाहरुले आ.व. २०७६/७७ मा नयाँ मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई आफूले सूचिकृत हुन चाहेको कामको प्रकृति स्पष्ट रुपमा खोली यस कार्यालयमा आवेदन गर्नु हुन सूचित गरिएको छ ।

(१) आवेदनका साथ निम्नानुसारका कागजातहरुका प्रतिलिपीहरु एक/एक प्रति संलग्न गरेको हुनुपर्नेछ ।

(क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र,

(ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,

(ग) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष (आ.व. २०७४।७५) सम्मको कर चुक्ता गरेको प्रमाण,

(घ) व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिगत स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,

(२) **खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु**

- परामर्श सेवा खरिद सम्बन्धी
- वस्तु तथा सेवा खरिद सम्बन्धी
- मेशिनरी औजार खरिद सम्बन्धी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की